# नेपाल सरकार
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
# मध्यकालिन खर्च संरचना (आ.व. २०७५/७६-२०७७/७८)

## ५.७. श्रम तथा रोजगार

### १. पृष्ठभूमि

नेपालको संविधानले श्रम र रोजगारीको हकलाई मौलिक हकको रूपमा स्थापित गरी त्यसको कार्यान्वयनको लागि आवश्यक व्यवस्था गरेको छ। देशको कूल जनसंख्यामा आर्थिक रूपले सक्रिय जनशक्तिको हिस्सा ५७ प्रतिशत रहेको छ। कूल जनसंख्याको करिब २.३ प्रतिशत पूर्ण बेरोजगार र करिब ३० प्रतिशत अर्धबेरोजगार रहेको अवस्था छ। वर्तमान अवस्थामा वार्षिक ५ लाख १२ हजारभन्दा बढी युवाशक्ति श्रम बजारमा प्रवेश गर्छन्। सरकारले सुरक्षित, मर्यादित र प्रतिफलमुखी रोजगारीको व्यवस्थाको लागि राष्ट्रिय रोजगार नीति, २०७१ लागू गरेको छ। साथै, वैदेशिक रोजगारीमा जानेहरूका लागि नि:शुल्क प्रवेशाज्ञा र हवाई टिकटसम्बन्धी व्यवस्था, श्रम स्वीकृति दिने कार्यलाई सहज बनाउन अनलाईन सेवा सुरु भएको र वैदेशिक रोजगारीमा घरेलु कामदार पठाउनेसम्बन्धी निर्देशिका, २०७२ लागू गरिएको छ। सामाजिक सुरक्षाको कार्यक्रमलाई व्यवस्थित गर्न योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ जारी भएको छ। आगामी कार्यक्रमहरू श्रम तथा रोजगारलाई सुरक्षित, मर्यादित र प्रतिफलमुखी र योगदानमा आधारित सामाजिक सुरक्षा व्यवस्थापनका लागि केन्द्रित रहेका छन्।

### २. समस्या तथा चुनौती

हरेक वर्ष करिब ५ लाखको संख्यामा श्रमबजार प्रवेश गर्ने युवा जनशक्तिहरूको लागि रोजगारीको सिर्जना गर्नु, रोजगारमुलक तालिम कार्यक्रमहरूमा देखिएको दोहोरोपना हटाउनु, वैदेशिक रोजगारीलाई सुरक्षित, भरपर्दो र मर्यादित बनाई अन्तर्राष्ट्रिय श्रमबजारको पहिचान र गन्तव्य मुलुकहरूसँग द्विपक्षीय श्रम सम्झौता गर्नु विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नु, उत्पादनमूलक रोजगारीको पर्याप्त सिर्जना गरी गरिबी न्यूनीकरण गर्नु, श्रम बजारमा रहेको सीपयुक्त जनशक्तिको माग र आपूर्तिबीचको असन्तुलनलाई कम गर्नु, योगदानमा आधारित सामाजिक सुरक्षा पद्धतिलाई जनतासम्म पहूँच पुऱ्याउनु, रोजगारीसम्बन्धी सूचनालाई सर्वसाधारणसम्म पहूँच पुऱ्याउनु रहेका छन्।

### ३. सोच

दक्ष, सीपयुक्त र उत्पादनमूलक मानव संसाधनको विकासद्वारा पर्याप्त रोजगारी एवम् स्वरोजगारका अवसरहरू सृजना।

### ४. उद्देश्य

१. स्वदेशमा मर्यादित रोजगारीका अवसरहरू सृजना गरी बेरोजगारी तथा अर्धबेरोजगारी न्यूनीकरण गर्दै रोजगारीको हकलाई सुनिश्चित गर्नु।
२. रोजगारीका लागि सीप तथा तालिमका अवसरहरू वृद्धि गरी प्रतिस्पर्धा गर्न सक्ने श्रमशक्तिको विकास गर्नु।
३. वैदेशिक रोजगारीलाई बढी उत्पादक, सुरक्षित, मर्यादित र व्यवस्थित बनाउँदै जानु।

### ५. रणनीति

१. लगानीमैत्री वातावरण सृजना गरी स्वदेशमै पर्याप्त र मर्यादित रोजगारी एवम् स्व-रोजगारीका अवसर सिर्जना गर्ने।
२. सीप तथा व्यावसायिक तालिमका अवसरहरूको विकास एवम् विस्तार गर्दै अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने श्रम शक्तिको उत्पादन गर्ने।
३. श्रमिकको हक अधिकारको संरक्षण तथा असल श्रम सम्बन्ध स्थापना गर्ने।
४. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, भरपर्दो र प्रतिफलयुक्त बनाउने र प्राप्त विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने।

# नेपाल सरकार
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
# मध्यकालिन खर्च संरचना (आ.व. २०७५/७६-२०७७/७८)

### ६. विषय क्षेत्रगत नतिजा सूचक तथा लक्ष्य

| क्र.सं. | सूचक | एकाई | आ.व. २०७३/७४ सम्मको उपलब्धि | आ.व. २०७४/७५ को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| १. | रोजगारमूलक तालिम | जना (हजारमा) | १३ | १३ | २० | २१ | २२ |
| २. | सुरक्षित आप्रवासनका लागि सूचना तथा परामर्श केन्द्र स्थापना र सञ्चालन | जिल्ला | ० | १० | १२ | १२ | १५ |
| ३. | द्विपक्षीय श्रम संझौता भएका मुलुक | देश | ६ | ७ | २ | २ | २ |
| ४. | सीप विकास तालिम केन्द्रहरूको स्तरोन्नति | संख्या | ३ | ० | ३ | ३ | ३ |
| ५. | वैदेशिक रोजगारीका गन्तव्य मुलुकहरूमा सुरक्षित श्रमगृहको विस्तार | संख्या | ० | ५ | ५ | २ | २ |
| ६. | सामाजिक सुरक्षा कोषमा सहभागीहरूको संख्या | जना (हजारमा) | १३ | ० | ५० | २० | २० |
| ७. | सामाजिक सुरक्षा कोषबाट सञ्चालन भएका आयोजनाहरू | संख्या | ४ | ० | ३ | ४ | ५ |
| ८. | सबै प्रकारका बालश्रम उन्मूलन | संख्या (लाख) | १ | २ | ५ | ६ | ३ |

### ७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. लाखमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | ३९,३२८ | ३७,२५४ | २,०७४ | - | ३८,१३३ | १,१९५ | - |
| २०७६/७७ | ४३,५७८ | ४१,२९४ | २,२८४ | - | ४२,२४५ | १,३३३ | - |
| २०७७/७८ | ४८,३०२ | ४५,७८६ | २,५१५ | - | ४६,८१४ | १,४८८ | - |

# नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# मध्यकालिन खर्च संरचना (आ.व. २०७५/७६-२०७७/७८)

**८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

| क.सं. | ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (सुरु र समाप्ति) | लागत (रु.लाखमा) | पुष्ट्याई | आगामी तीन आर्थिक वर्षको उपलब्धि |
|---|---|---|---|---|---|---|---|
| १. | ३७१०११ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | श्रम तथा रोजगार क्षेत्रसम्बन्धी नियमन अनुगमन मापदण्ड | | | | श्रम तथा रोजगार क्षेत्रसम्बन्धी नियमन, अनुगमन र मापदण्ड निर्धारण भएको हुने । |
| २. | ३७१०१२ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | श्रम व्यवस्थापन तथा श्रम सम्वन्ध, कार्यस्थलमा कामदारहरूको सुरक्षा तथा स्वास्थ्यसम्वन्धी प्रशिक्षण तथा परामर्श | २०५२/५३ सालबसाली | | | श्रम व्यवस्थापन तथा असल श्रम सम्बन्धको विकास भएको हुने ।<br>कामदारहरूको व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षाको वृद्धि र अनिवार्य बीमा योजना लागू भएको हुने । |
| ३. | ३७१०१७ | वैदेशिक रोजगार विभाग | वैदेशिक रोजगार व्यवस्थापन | | | | वैदेशिक रोजगार सुरक्षित र व्यवस्थित भएको हुने । |
| ४. | ३७१०१८ | वैदेशिक रोजगार न्यायाधीकरण | | | | | |
| ५. | ३७१०१९ | वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड | वैदेशिक रोजगार व्यवसायलाई व्यवस्थित र सहजीकरण | | | | वैदेशिक रोजगारसम्बन्धी मुद्दाहरू निश्पक्ष र प्रभावकारी सुनुवाइ भएको हुने । |
| ६. | ३७११०४ | व्यवसायिक तथा सीप विकास तालिम केन्द्र | सीपविकास तालिमको माध्यमवाट रोजगारी तथा आय आर्जनको कार्यक्रम संचालन गरी गरिवी निवारण | २०३३/३४ देखि सालबसाली | | | हाल रोजगारमूलक तालिम प्राप्त १३,०५९ जनाबाट वृद्धि भई २२ हजार पुगेको हुने । |
| ७. | ३७११०५ | रोजगार प्रवर्द्धन कार्यक्रम | नेपाली महिला तथा पुरुषका लागि सुरक्षित र अधिकतम लाभदायी वैदेशिक रोजगार | २०७०/७१ देखि २०७४।७५ | ८०.४६ | | सुरक्षित आप्रवासन कार्यक्रम वृद्धि भएको हुने । |
| ८. | ३७११०७ | सामाजिक सुरक्षा कोष | योगदानमा आधारित सामाजिक सुरक्षा योजना र निजी क्षेत्रको श्रमिकका अवकास कोषको व्यवस्थापन | २०६७६८ निरन्तर | नखुल्ने | | सामाजिक सुरक्षा कोष नियमावली तर्जुमा भएको हुने । |
| ९. | ३७११०८ | प्रधानमन्त्री रोजगार कार्यक्रम | मलुक भित्र थप रोजगारी सिर्जना गरी क्रमश नेपालीलाई वैदेशिक रोजगारीमा जान नपर्ने अवस्थाको सिर्जना | | | | मलुक भित्र थप रोजगारीका अवसर सिर्जना भई वैदेशिक रोजगारीमा जानेहरुको संख्या न्यूनीकरण हुने । |

**९. जोखिम पक्ष तथा अनुमान**

श्रम बजारको माग र जनशक्ति विकासका कार्यक्रमबीच तादात्म्यता तथा स्वस्थ श्रम सम्बन्धको विकास, सुरक्षित तथा भरपर्दो वैदेशिक रोजगारी, औपचारिक माध्यमबाट विप्रेषणको प्राप्ति र यसको सही सदुपयोगको सुनिश्चितता हुन सकेमा अपेक्षित प्रतिफल हासिल हुनेछन् । सामाजिक सुरक्षा कोषअनुरुप विभिन्न स्कीमहरू संचालन हुनेछन् । कृषि, उद्योग, पर्यटन तथा पूर्वाधारका क्षेत्रहरूमा पनि उत्पादनमूलक रोजगारी सृजना र वृद्धि गर्दै स्वदेशमा नै युवा जनशक्तिको लागि रोजगारीका अवसरहरू उपलब्ध हुनेछन् ।